नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक तथा सीप प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
व्यावसायिक प्रशिक्षण केन्द्र
बुटवल रुपन्देही

फोन नं. ०७१-५३०१३८
E-mail : shipbutwal@gmail.com
www.vstbutwal.gov.np

प.सं:- ०८२/८३
च.नं:-

मिति २०८२/०४/२७

## प्रशिक्षकहरुको सूची (Roster) दर्ता सम्बन्धी सूचना ।

(प्रकाशित मिति : २०८२/०४/२८)

यस केन्द्रको आ.व.२०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहाय बमोजिमको विभिन्न सीपमूलक तालिम सञ्चालन गर्न प्रशिक्षक र सहायक प्रशिक्षक आवश्यक भएको हुँदा व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका २०७७ को दफा १८ मा भएको व्यवस्था बमोजिम प्रशिक्षकको सूची (Roster) तयार गर्ने प्रयोजनको लागि तपसील बमोजिमको विषयको प्रशिक्षकको सूचीमा समावेश भइ केन्द्रले तोकेको स्थान र समयमा प्रशिक्षण सेवा उपलब्ध गराउन इच्छुक तोकिएको योग्यता र अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै दरखास्त फाराम यस केन्द्रको वेबसाइट www.vstbutwal.gov.np मा समेत राखिएको छ ।

तपसील

| क्र.सं. | तालिमको क्षेत्र | विषयहरु |
|---|---|---|
| १ | सेवा क्षेत्र | आधारभूत (Basic) तालिम तर्फ :१.ब्युटिसियन २.मन्टेश्वरी ३.प्लम्बिङ्ग ४.इलेक्ट्रिक सवारी साधन मर्मत ५.इलेक्ट्रोनिक्स/ मोवाइल/AC/ फ्रिज मर्मत ६.कपाल कटाइ ७.केयर गिभर |
| | | एडभान्स्ड (Advance) तालिम तर्फ : १ ब्युटिसियन |
| २ | होजियारी तथा पोशाक | आधारभूत (Basic) तालिम तर्फ : १ कटाइसिलाइ |
| | | एडभान्स्ड (Advance) तालिम तर्फ : १ कटाइसिलाइ |
| ३ | पर्यटन क्षेत्र | आधारभूत (Basic) तालिम तर्फ : १ कुक २ वेटर/वेट्रेस |
| ४ | खाद्य सामग्री प्रशोधन | आधारभूत (Basic) तालिम तर्फ : १ बारिष्ट्र |

प्रशिक्षकको लागि चाहिने योग्यता र अनुभव सम्बन्धी विवरण :

| क्र.सं. | पद र नाम | आवश्यक योग्यता |
|---|---|---|
| १ | प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक उत्तिर्ण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाण–पत्र/डिप्लोमा तह उत्तिर्ण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको र कम्तीमा ५ वर्षको कार्य अनुभव भएको वा सम्वन्धित विषयमा सीप तह –३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको । |
| २ | सहायक प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाण–पत्र डिप्लोमा तह उत्तिर्ण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह –३ उत्तिर्ण भएको वा प्राविधिक एस.एल.सी.वा सीप तह–२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । |

द्रष्टव्य :

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
व्यावसायिक प्रशिक्षण केन्द्र
बुटवल रुपन्देही

फोन नं. ०७१-५३०१३८
E-mail : shipbutwal@gmail.com
www.vstbutwal.gov.np

प.स:- ०८२/८३

च.न:-

१.दरखास्त फाराम साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, सम्बन्धित तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभवलाइ प्रमाणित गर्ने कागजातहरुका प्रतिलिपीहरु संलग्न गरी निवेदक आफैले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी तोकिएको म्यादभित्र पेश गर्नुपर्ने छ ।

२.तोकिएको योग्यता पुगेकोमा एकभन्दा बढी विषयमा पनि दरखास्त फाराम पेश गर्न सकिने छ ।त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ ।

३.म्याद नाघी आएको/रीत पूर्वक पेश भइ नआएको दरखास्त फाराम स्वीकृत गरिने छैन ।

कमल ज्ञवाली

केन्द्र प्रमुख

**केन्द्र प्रमुख**